मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १९ गते मंगलबार ❑ 4 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## कांग्रेसद्वारा न्यायिक समिति गठन गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

नेपाली कांग्रेस संसदीय दलले सुनसरी, सिरहा, धनुषा र पर्सामा हालै भएका हिंसात्मक घटनाको निष्पक्ष छानबिनका लागि न्यायिक छानबिन समिति गठन गर्न सरकारसँग माग गरेको छ।

संसदीय दलको सोमबार बसेको बैठकले ती घटनाप्रति ध्यानाकर्षण भएको उल्लेख गर्दै घटनामा मृत्यु भएका र थुप्रै व्यक्ति घाइते भएकाप्रति दुःख व्यक्त गरेको छ। बैठकपछि कांग्रेस प्रमुख सचेतक बासना थापाले भन्नुभयो, "घटनाको निष्पक्ष छानबिनका लागि न्यायिक छानबिन समिति गठन गर्न सरकारसँग माग गर्दछौं। भविष्यमा यस्ता हिंसात्मक घटना दोहोरिन नदिन सबै पक्षलाई हार्दिक अपिल गर्दछौं।"

बैठकले सदियौँदेखि एकअर्काको धर्म, संस्कृति र परम्पराको सम्मान गर्दै आपसी भाइचारा, बन्धुत्व र सामाजिक सद्भाव कायम रहँदै आएको अवस्थामा सामाजिक विद्वेष फैलाउने घटना हुनु दुःखद भएको जनाएको छ।

कांग्रेसले घाइतेको उपचारमा कुनै कसर बाँकी नराख्न सरकारसँग आग्रह गर्दै भविष्यमा यस्ता हिंसात्मक घटना दोहोरिन नदिन सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र संयमता कायम राख्न सबै पक्षलाई अपिल गरेको छ।

बैठकले नागरिक, सांसद र संसद्बीचको सम्बन्धलाई थप प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको 'कांग्रेस संसदीय दल सांसद समन्वयसम्बन्धी कार्यादेश' पारित गरेको प्रमुख सचेतक थापाले बताउनुभयो।

प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्यका लागि स्वकीय सचिव नियुक्तिसम्बन्धी कार्यविधि, २०८३ पनि बैठकले पारित गरेको छ। बैठकले कांग्रेसका वरिष्ठ नेता गोपालमान श्रेष्ठ, पूर्वमन्त्री राजेन्द्र खरेल तथा अन्य दिवङ्गत व्यक्तित्वहरूप्रति शोक प्रस्ताव पारित गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ।

## होटल संघद्वारा बोर्ड सदस्य पोखरेललाई स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन



नेपाल पर्यटन बोर्डका नवनियुक्त कार्यकारी सदस्य सन्तोष पोखरेलले प्रबर्द्धन र संरक्षणका कामलाई प्राथमिकतामा राखेर बोर्ड अघि बढ्दै गरेको बताएका छन्।

होटल संघ पोखरा नेपालले उनको स्वागतका लागि सोमबार आयोजना गरेको कार्यक्रममा पोखरेलले पूर्वाधार विकासको पक्षलाई भन्दा प्रबर्द्धनमा नै बोर्डको ध्यान रहेको प्रष्ट पारे। यसका लागि पर्यटकलाई आबश्यक पर्ने सबै जानकारी समेट्ने गरी क्युआर कोड विकास गर्ने तयारीमा बोर्ड रहेको जानकारी पनि उनले दिए।

बोर्डको प्रादेशिक कार्यालय पोखरामा हुनु सुखद पक्ष भएको बताउँदै उनले यसबाट व्यवसायीले फाइदा लिन सक्नुपर्ने भनाई राखे। पोखराका तालहरुको संरक्षणका लागि बजेट छुट्टिएको, यहाँ भएका विभिन्न ताल मध्ये एउटा ताल जलगतिविधिका लागि छुट्याउने तयारी भएको, आरोग्य पर्यटनलाई अगाडि बढाउन बोर्ड गंभीर भएर लागिरहेको र उचाईमा यात्रा गर्ने पर्यटकको सुरक्षाका लागि टानसँग समेत बोर्डले समन्वय गरिरहेको कार्यक्रममा पोखरेलले बताए।

आयोजक संघका अध्यक्ष लक्ष्मण सुवेदीले बोर्डसँग समन्वय गरेर आफूहरु अगाडि बढ्न चाहेको बताए। संघले विगतदेखि संचालन गर्दै आएको चलिय पोखरा जस्तो कार्यक्रमको प्रभावका कारण पोखरा आउने भारतीय पर्यटकको संख्या ह्वात्तै बढ्न पुगेको अध्यक्ष सुवेदीले सुनाए। यसप्रकारका प्रबर्द्धन कार्यक्रम निजी क्षेत्रले संचालन गर्न सहज हुने खालका नीतिनियम बोर्डले बनाउनुपर्ने सुझाव पनि उनले राखे। होटलका कर्मचारी र संचालकका लागि आबश्यक तालिम संचालनमा बोर्डले सघाउनुपर्ने माग पनि उनले राखे। होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले पीडितहरुको पनि कुरा सुन्दै फेवा तालको संरक्षमा सरकार गंभीर बन्नुपर्ने भनाई राखे। फेवा संरक्षणका लागि सरकारले बजेट छुट्याएको आफूले थाह नपाएको बताउँदै उनले यस तालका लागि कति बजेट छुट्टियो त भनी प्रश्न राखे। पदयात्रा क्षेत्र लगायत अन्य ठाउँमा पुराना भइसकेका संकेतबोर्डहरु फेर्नुपर्ने सुझाव पनि उनको थियो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखरा आउने पर्यटकको संख्या कसरी र कुन ठाउँबाट राख्न सकिन्छ भनी छलफल अघि बढिसकेको जानकारी दिए। नेपाल एकेडेमी अफ टुरिजम, होटल एण्ड माउन्टेनियरिङ (नाथम) पोखरामा आउने तयारी अगाडि बढेको जानकारी दिँदै लामिछानेले जग्गाको टुंगो लागे सो संस्थाले पोखरामा समेत आफ्नो उपस्थिति जनाउने बताए। पोखरा आउने पर्यटकको बसाई अवधि लम्ब्याउनेतर्फ ध्यान दिनुपर्ने, पर्यटकलाई बोलाउनुपूर्व तयारी हुनुपर्ने, यस विषयमा पालिकाहरुसँग पनि समन्वय गरिनुपर्ने र धेरै संख्यामा पर्यटक आउँदा तिनको व्यवस्थापनका लागि पोखराले आफूलाई सक्षम बनाउनुपर्ने तथा विविध भाषामा स्तरीय प्रचार सामग्री विकास गरिनुपर्ने सुझाव पनि कार्यक्रममा राखिएको थियो। दृष्यावलोकन सम्वन्धि प्याकेजहरु एकद्वार प्रणालीबाट बेचिनुपर्ने र एक्यापले अन्नपूर्ण क्षेत्रमा आफ्नो क्षमता अनुसारको संख्यामा मात्र पर्यटकहरुलाई पठाउनुपर्ने सुझाव पनि राखिएको थियो। कार्यक्रमा संघका पूर्व अध्यक्ष विकल तुलाचन, प्रथम उपाध्यक्ष दीपक श्रेष्ठ, द्वितीय उपाध्यक्ष गणेशराज पहारी, कोषाध्यक्ष नेत्रप्रसाद पौडेल रमेश, सचिव पार्वता पाण्डे र सदस्य शिवराज पहारीले पनि भनाई राखेका थिए।

## पोखरा क्षेत्रका शिवालय मन्दिरमा तेस्रो सोमबार भक्तजनको घुइँचो

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

साउन महिनाको तेस्रो सोमबार पर्यटकीय नगरी पोखराका विभिन्न शिवालय मन्दिरमा बिहानैदेखि दर्शनार्थी भक्तजनको उल्लेखनीय भिडभाड भएको छ।

भगवान् शिवको विशेष आराधनाको दिन मानिने सोमबारका अवसरमा पोखराको केदारेश्वर महादेव मन्दिर, पुम्दीकोटस्थित विशाल महादेवको मूर्ति, पशुपतिनाथ मन्दिर, विन्ध्यवासिनी परिसरका शिवालय तथा अन्य शिव मन्दिरमा भक्तजनले पूजा-आराधना तथा जलाभिषेक गर्नु भएको छ। बिहानैदेखि पोखरा महानगरका विभिन्न क्षेत्रसहित आसपासका जिल्लाबाट आएका श्रद्धालुहरू मन्दिर पुगेर जल चढाउने तथा पूजा आज गर्ने गर्नु भएको छ। वृद्धवृद्धा, महिला, युवा तथा बालबालिकासमेत हरियो पहिरन, गेरुवा वस्त्र र बोलबमको जयघोषसहित मन्दिर परिसरमा पुग्नु भएको छ। शिवलिङ्गमा जल, दूध, बेलपत्र, धतुरो, फूल तथा प्रसाद अर्पण गर्दै भक्तजनले भगवान् भोलेनाथको पूजा-आराधना गर्नु भएको छ। बोलबमधामका रूपमा परिचित बैदामस्थित केदारेश्वर महादेव मन्दिरमा साउन महिनाभर विशेष धार्मिक कार्यक्रम सञ्चालन भइरहेको छ। साउन लागेसँगै पोखराको धार्मिक वातावरण बोलबमको ध्वनि,



भजन-कीर्तन र गेरुवा वस्त्रधारी भक्तजनले थप उल्लासमय बनेको देखिएको छ।

संस्कृतिविद्हरूका अनुसार साउन महिना हिन्दू धर्मावलम्बीका लागि धर्म, आस्था र संस्कृतिको अत्यन्त पवित्र महिना मानिन्छ। विशेष गरी साउनका सोमबार भगवान् शिवलाई जल चढाई व्रत, पूजा र उपासना गरे मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको छ। साउन महिनामा हरियो चुरा, हरियो वस्त्र तथा मेहेन्दी लगाउने परम्पराले पनि विशेष महत्व बोकेको विश्वास गरिन्छ। केदारेश्वर महादेवमणि सेवाश्रम समितिको आयोजनामा साउनका चारै सोमबार सञ्चालन भइरहेको बोलबम पदयात्रा तथा धार्मिक कार्यक्रमअन्तर्गत आज पनि बिहान बगरस्थित शुक्लागण्डकी गाईघाटको १०८ धारामा स्नान गरी करिब ८ किलोमिटर पैदल यात्रा गर्दै भक्तजन केदारेश्वर मन्दिर पुग्नु भएको छ। त्यहाँ १०८ शिवलिङ्गमा जलार्पण, विशेष पूजा, भजन-कीर्तन तथा आरती सम्पन्न गरिएको थियो। कार्यक्रम संयोजक एवं विश्व हिन्दू महासंघका केन्द्रीय उपाध्यक्ष शंकर खरालका अनुसार करिब दुई दशकदेखि निरन्तर सञ्चालन हुँदै आएको बोलबम पदयात्राले पोखराको धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। "बोलबमको ध्वनिले, शान्ति पाऊन् साराले" भन्ने मूल नारासहित सञ्चालन भइरहेको कार्यक्रममा नौमती बाजा, विभिन्न झाँकी, लोकभजन तथा भजन-कीर्तनले धार्मिक वातावरण थप आकर्षक बनेको उहाँले जनाउनु भयो।

राष्ट्रिय लोकभजन चुड्का संरक्षण प्रतिष्ठान, विश्व हिन्दू महासंघको सांस्कृतिक समूह तथा विभिन्न भजन मण्डलीले भजन प्रस्तुति राख्नु भएको थियो। मध्याह्न विशेष षोडशोपचार पूजा सम्पन्न भएको थियो भने साँझ महाआरती र शिव साधनाको कार्यक्रमसमेत आयोजना गरिने समितिले जनाएको छ। मन्दिरमा आएका दर्शनार्थीका लागि विभिन्न संघसंस्था, सामाजिक अभियन्ता तथा सहयोगी व्यक्तिहरूको सहकार्यमा निःशुल्क फलफूल, पानी, रोटी-तरकारी तथा खिर वितरण गरिएको थियो। स्थानीयका अनुसार साउनका प्रत्येक सोमबार केदारेश्वर मन्दिर परिसरमा करिब ४ देखि ५ हजार श्रद्धालुको सहभागिता रहने गरेको छ।

यसैबीच, भक्तजनको सुरक्षालाई ध्यानमा राख्दै गाईघाटदेखि केदारेश्वर मन्दिर परिसरसम्म नेपाल प्रहरी, सशस्त्र प्रहरी बल को संयुक्त सुरक्षा व्यवस्था गरिएको छ। बिहान ५ बजेदेखि नै सुरक्षा निकाय परिचालन गरिएको थियो। गाईघाट तथा केदारेश्वर मन्दिर प्रवेशद्वार वरिपरि दूध, बेलपत्र, फूल तथा पूजा सामग्री बिक्री गर्नेहरूको समेत उल्लेखनीय चहलपहल भएको छ। साउनको तेस्रो सोमबार पनि पोखरामा बोलबम पर्व श्रद्धा, भक्ति र उत्साहका साथ मनाइएको छ। धार्मिक आस्था, सामाजिक सद्भाव र धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्ने यस पर्वले पोखराको सांस्कृतिक पहिचानलाई थप सुदृढ बनाएको स्थानीयवासीको विश्वास रहेको छ।

## कालीगण्डकीमा पानीको बहाव बढ्यो, सतर्कता अपनाउन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

वर्षासँगै कालीगण्डकी नदीमा पानीको बहाव बढेपछि तटीय क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन जिल्ला प्रहरी कार्यालय, म्याग्दीले आग्रह गरेको छ।

मुस्ताङ तर्फबाट लेदोसहितको बाढी मिसिएर नदीको बहाव बढिरहेको जनाउँदै प्रहरीले नदी किनार तथा जोखिमयुक्त ठाउँमा नजान र सुरक्षित स्थानमा बस्न सर्वसाधारणलाई अनुरोध गरेको हो।

तटीय क्षेत्रमा आउनसक्ने सम्भावित जोखिमलाई दृष्टिगत गरी सतर्क रहन सूचित गरिएको कार्यालयका प्रहरी नायब उपरीक्षक राजन कार्कीले बताउनुभयो। "माथिबाट लेदोसहितको बाढी आएको जानकारी प्राप्त भएको छ। कालीगण्डकी नदीको आसपासमा रहनुहुने बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेका छौँ", उहाँले भन्नुभयो।

पहिराका कारण अवरुद्ध बनेको बेनी-जोमसोम सडक अझै खुलाउन नसकिएको उहाँले बताउनुभयो। रघुगङ्गा गाउँपालिका-२ बैसेरीमा आज दिउँसो पहिरो जाँदा कालीगण्डकीकरिडोरअन्तर्गतको उक्त सडकखण्डमा यातायात सेवा बन्द छ। वर्षा भइरहेको र निरन्तर पहिरो खसिरहेकाले सडक सञ्चालन गर्न नसकिएको प्रहरीले जनाएको छ।

## 'घुम्ने संस्कृतिले आन्तरिक पर्यटनमा टेवा'


**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री यशोदा रिमालले नेपालीमा बढ्दो घुम्ने संस्कृतिले आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण सहयोग पुगेको बताउनुभएको छ।

मनाङस्थित एकीकृत सेवा कार्यालयमा आइतबार आयोजित अन्तर्क्रिया कार्यक्रममा उहाँले पर्यटन क्षेत्र

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# महायज्ञबाट मानवसेवा आश्रमलाई तीन करोड बचत

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

मानवसेवा आश्रमले गत वैशाख १९ गतेदेखि २६ गतेसम्म कास्कीको पोखरा महानगरपालिका-२५ हेमजामा आयोजना गरेको श्रीमद्भागवत सप्ताह ज्ञान-विज्ञान महायज्ञबाट रु तीन करोड चार लाख ५९ हजार बचत भएको छ।

महायज्ञ मूल आयोजक समितिले आज पोखरामा पत्रकार सम्मेलन गरी रु तीन करोड ८१ लाख ७१ हजार आर्थिक सहयोग सङ्कलन भएकामा रु ७७ लाख १२ हजार खर्च भएको जानकारी दियो । नगद, चेक सटही र अनलाइन माध्यमबाट गरी रु दुई करोड २४ लाख ७९ हजार आर्थिक सहयोग प्राप्त भएको समितिकी कोषाध्यक्ष मीना कुँवरले जानकारी दिनुभयो।

महायज्ञमा गरिएको प्रतिबद्धताअनुसार व्यक्तिगत रुपमा रु एक करोड नौ लाख ३९ हजार, संस्थागत तर्फबाट रु दुई लाख ८८ हजार र विभिन्न स्थानीय तहबाट रु ३२ लाख १३ हजार प्राप्त हुन बाँकी रहेको कोषाध्यक्ष कुँवरले बताउनुभयो। दान गरिएका जिन्सी सामग्रीबाट रु सात लाख ८१ हजार, दान पेटिकामा प्राप्त भएको रु चार लाख २२ हजार लगायतबाट गरी कूल रु तीन करोड ८१ लाख ७१ हजार सङ्कलन भएको थियो।

कोषाध्यक्ष कुँवरका अनुसार अक्षयकोषमा रहने गरी रु ४९ लाख ७३ हजार, मुक्तिनाथ सेवा धर्मशाला निर्माणका लागि रु २१ लाख १८ हजार, आश्रमको भवन निर्माण सम्पन्न गर्न रु एक करोड ४२ लाख ८२ हजार, लक्ष्मीनारायण मन्दिर निर्माणमा रु दुई लाख ७५ हजार र महायज्ञ व्यवस्थापनमा रु १२ लाख ५१ हजार प्राप्त भएको छ।

महायज्ञ मूल आयोजक समितिका संयोजक अनिलकुमार शाहीले बचत भएको रकम हेमजामा निर्माणाधीन आश्रम भवन, लक्ष्मीनारायण मन्दिर, मुक्तिनाथ सेवा धर्मशाला निर्माण तथा आश्रमको अक्षयकोष वृद्धिका लागि प्रयोग गरिने बताउनुभयो। महायज्ञमार्फत प्राप्त सहयोगले आश्रमको दीर्घकालीन सेवा व्यवस्थापनलाई महत्त्वपूर्ण टेवा पुगेको उहाँको भनाइ छ।

मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले आर्थिक जोहोका लागि मात्र नभएर मानवता प्रवर्द्धनका लागि महायज्ञ गरिएको बताउनुभयो। उहाँले हेमजास्थित आश्रम क्षेत्रलाई 'मानवसेवा शास्वत धाम'का रुपमा विकास गर्ने लक्ष्य लिइएको उल्लेख गर्नुभयो । सहयोगापेक्षी सडक आश्रित मानवको उद्धार र जीवनरक्षामा सक्रिय आश्रमले मानवसेवाको उत्कृष्ट नुमनाका रुपमा हेमजाको आश्रमलाई विकास गर्ने योजना बनाएको छ । निर्माणाधीन अवस्थामा रहेको मानवसेवा आश्रम भवनको पूर्वतर्फ 'मुक्तिनाथ सेवा धर्मशाला' निर्माण हुने बताइएको छ। मुक्तिनाथलगायत यस क्षेत्रका प्रसिद्ध तीर्थस्थलमा जाने स्वदेशी तथा विदेशी श्रद्धालुहरुलाई लक्षित गरी उक्त धर्मशाला बनाउन लागिएको हो।

तीर्थयात्रीलाई आवास र भोजनसहितको निःस्वार्थ सेवाका लागि उक्त धर्मशाला निर्माणको योजना ल्याइएको हो । एक सय महिला र एक सय पुरुष गरी २०० जनालाई सेवा दिन मिल्ने गरी धर्मशाला बन्ने छ। सोही स्थानमा अहिले लक्ष्मीनारायण मन्दिर पनि निर्माण भइरहेको छ। तीनै तहका सरकार र दाताहरुको आर्थिक सहयोगमा आश्रमको भवनलगायत अन्य संरचना निर्माणको काम भइरहेको छ। आश्रमको हेमजा र छोरेपाटन गरी कास्कीमा दुई सेवाकेन्द्र छन्। छोरेपाटन सेवाकेन्द्रमा महिला मात्र आश्रित छन् । 'मानवता प्रवर्द्धन महाअभियान' सञ्चालन गरिरहेको आश्रमले बेसहारा, अशक्त, अभिभावकबिहीन, मानसिक तथा शारीरिक रुपमा कमजोर, सडक आश्रित मानवको व्यवस्थापन, औषधोपचार र पालनपोषण गर्दै आएको छ।

# अक्षर चिनेको विद्यालयको भविष्य उज्यालो बनाउन नेतृत्वमा दीपक कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन



जीवनको पहिलो अक्षर चिनेको, सपनाको पहिलो पाइला टेकेको र बाल्यकालका अविस्मरणीय सम्झना बोकेको विद्यालयमा एक दिन नेतृत्व सम्हाल्ने अवसर सबैलाई प्राप्त हुँदैन । तर यही दुर्लभ अवसरलाई जिम्मेवारीका साथ आत्मसात् गरेका छन् दीपक कार्कीले। आफूले कक्षा १ देखि ५ सम्म अध्ययन गरेको शीतलादेवी सामुदायिकमाध्यमिकविद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा सर्वसम्मत चयन भएपछि उनी आफ्नै विद्यालयलाई गुणस्तरीय शिक्षा, अनुशासित वातावरण र उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने अभियानमा जुटेका छन्।

सानो कद, सरल स्वभाव, थोरै बोल्ने तर व्यवहारबाट सबैको मन जित्ने कार्की आफ्नो परिचय शब्दले होइन, कर्मले बनाउन रुचाउछन् । उनको विश्वास छ– "हरेक घरमा शिक्षा पुगेपछि मात्र समाजमा वास्तविक चेतना, सभ्यता र समृद्धिको आधार निर्माण हुन्छ।" यही विश्वासलाई जीवनको मूल मन्त्र बनाएर उनी वर्षौंदेखि शिक्षा, सामाजिक सेवा र नेतृत्वका विविध क्षेत्रमा सक्रिय रहँदै आएका छन्।

कार्कीका लागि विद्यालय केवल पठनपाठन हुने संस्था होइन, समाज परिवर्तनको आधारशिला हो । त्यसैले विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता, बालमैत्री र अनुशासित वातावरण, आधुनिक शिक्षण-सिकाइ पद्धति, शिक्षक-अभिभावक-विद्यार्थी बीच सुदृढ सम्बन्ध तथा समग्र शैक्षिक सुधारलाई उनले आफ्नो पहिलो प्राथमिकतामा राखेका छन् । विद्यालयलाई समयको आवश्यकता अनुरूप प्रविधिमैत्री, सिर्जनशील र प्रतिस्पर्धी बनाउने उनको स्पष्ट योजना छ।

शीतलादेवी सामुदायिक विद्यालयसँग कार्कीको सम्बन्ध केवल विद्यार्थीका रूपमा मात्र सीमित छैन, त्यो भावनात्मक र आत्मीय सम्बन्ध पनि हो । उनले विसं २०४१ देखि २०४६ सम्म सोही विद्यालयमा प्राथमिक शिक्षा हासिल गरेका थिए । त्यसपछि विसं २०५२ मा अमर सिंह माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरे । विसं २०५३-२०५४ मा कालिका मल्टिपल क्याम्पसबाट आई.ए. तथा विसं २०५९ मा पृथ्वीनारायण क्याम्पसबाट स्नातक तथा बी.ए. पूरा गरे। त्यसपछि विसं २०६३ मा अर्थशास्त्र विषयमा स्नातकोत्तर अध्ययन सम्पन्न गर्दै आफ्नो शैक्षिक यात्रालाई अझ उचाइमा पुऱ्याए।

शिक्षासँगै सामाजिक क्षेत्रमा पनि उनको योगदान उल्लेखनीय छ। उनी माटेपानी गुम्बाफेदी टोल विकास संस्थाका सल्लाहकार, मडुला कार्की कुल व्यवस्थापन परिषद्का सचिव, साइकल सिटी पोखराका उपाध्यक्ष तथा हाल चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्षका रूपमा जिम्मेवारी निर्वाह गरिरहेका छन्। सामाजिक नेतृत्व, सहकार्य र व्यवस्थापनको अनुभवले उनलाई विद्यालयको नेतृत्वका लागि थप सक्षम बनाएको छ । शनिबार आयोजित अभिभावक भेलाले दीपक कार्कीलाई सर्वसम्मत रूपमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन गरेको हो। भेलाले सदस्यमा रमेशप्रसाद बराल तथा महिला सदस्यमा अनिता सापकोटा र पवित्रा पराजुली अधिकारीलाई चयन गरेको छ। नवनिर्वाचित अध्यक्ष कार्कीले अभिभावक, शिक्षक र विद्यार्थीको विश्वासलाई सम्मान गर्दै विद्यालयको समग्र विकासका लागि सबै पक्षसँग हातेमालो गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् । "नयाँ कार्यसमितिले अभिभावक र विद्यार्थीको भावना अनुरूप काम गर्ने छ । विद्यालयलाई गुणस्तरीय, अनुशासित र सबैका लागि गर्व गर्न सकिने शिक्षालय बनाउनु हाम्रो साझा लक्ष्य हो," उनले भने। "विद्यालयको समग्र विकासका लागि सबै पक्षसँग समन्वय गर्दै परिणाममुखी रूपमा काम गर्ने छौं।"

व्यवस्थापन समिति गठन प्रक्रियालाई व्यवस्थित बनाउन पोखरा महानगरपालिका शिक्षा महाशाखाका वरिष्ठ शिक्षा अधिकृत कृष्णप्रसाद भण्डारीको संयोजकत्वमा सहयोग समिति गठन गरिएको थियो। समितिमा वडा नं. १२ का वडाध्यक्ष सन्तोष बास्तोला र विद्यालयका प्रधानाध्यापक बाबुराम अधिकारी सदस्य रहेका थिए। विद्यालयका निवर्तमान अध्यक्ष टीका कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा नं. १२ का वडाध्यक्ष सन्तोष बास्तोलाले उद्घाटन गरेका थिए।

कार्यक्रममा अभिभावक, शिक्षक, समाजसेवी तथा स्थानीय बुद्धिजीवीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । दीपक कार्कीको नेतृत्वसँगै शीतलादेवी सामुदायिक माध्यमिक विद्यालयले नयाँ ऊर्जा, नयाँ सोच र नयाँ योजनासहित अघि बढ्ने अपेक्षा गरिएको छ । आफूले अक्षर चिनेको विद्यालयलाई उत्कृष्ट शिक्षालयका रूपमा स्थापित गर्ने उनको संकल्प केवल व्यक्तिगत सफलता होइन, समग्र समुदायका लागि प्रेरणादायी यात्राको सुरुआत पनि हो।

# डिभिजन वन कार्यलय कास्कीको सक्रियताले तिब्रेकोट सामुदायिक बन गति लिदै

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन




पोखरा २५ हेमजामा रहेको तिब्रेकोट सामुदायिक बन उपभोक्ताले छलफल तथा अर्न्तरक्रिया कार्यक्रम आयोजना गरेको छ।

सोमबार उपभोक्ता समुहले वार्षिक प्रगति समीक्षा तथा भावी रणनीतिक योजना सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रम तिब्रेकोट सामुदायिक बन उपभोक्ता समूहको आयोजना र डिभिजन वन कार्यलय कास्की,सामुदायिक वन उपभोक्त महासंघ कास्की र सव-डिभिजन वन कार्यलय पोखराको सहयोग तथा समन्वयमा भएको हो । कार्यक्रममा डिभिजन वन कार्यलय कास्कीका प्रमुख कोमलराज काफ्लेले तिब्रेकोट सामुदायिक बन उपभोक्ता समूह कास्की जिल्लामा एउटा नमुना वन समूह भएको बताए। उनले सामुदायिक वनले रकम सहयोग गर्दा स्थानिय विपन्न बर्गमा सहयोग गर्न आग्रह गरे। यस्तै उनले डिभिजन वन कार्यलय कास्कीको बिषेश चासो र सक्रियताले वन समुह नमुना बन्न पुगेको उल्लेख गरे। सामुदायिक वन उपभोक्ता महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले सामुदायिक वन केवल हरियाली संरक्षणमा मात्र सीमित नरही स्थानीय समुदायको आर्थिक, सामाजिक तथा वातावरणीय समृद्धिसँग जोडिनुपर्ने धारणा राखे। वनमा आधारित उद्यम, जैविक विविधताको संरक्षण, वनजन्य उत्पादनको मूल्य अभिवृद्धि तथा वन डढेलो नियन्त्रणमा उपभोक्ताको सक्रिय सहभागिता अपरिहार्य रहेको उनको भनाइ थियो। सव डिभिजन वन कार्यलय पोखराकि बन अधिकृत प्रतिक्षा पनेरुले तिब्रेकोट सामुदायिक बन उपभोक्ता समूह सगँ सहकार्य गरेर जान तयार रहेको बताइन् । तिब्रेकोट सामुदायिक बन उपभोक्ता समूहका अध्यक्ष विशालजङ कुँवरले वन संरक्षण कसरी गर्ने भन्ने मुख्य उद्धेश्य रहेको बताउदै वनको झाडि सफा गरेर जैविक मल कृषक समूह माझ पुऱ्याउने उद्धेश्य रहेको बताए । कार्यक्रममा संस्थाको बार्षिक प्रगति प्रतिवेदन, भावी रणनीतिक योजनाको बारेमा संस्थाका उपाध्यक्ष कृष्ण बहादुर कुँवर क्षेत्रीले प्रस्तुत गरेका थिए। २०५९ सालमा स्थापना भएको वन उपभोक्त समूहमा हाल २ सय ५७ जना आबद्ध रहेका छन्।

# घुम्ने संस्कृतिले...

चलायमान हुँदा आर्थिक गतिविधिमा टेवा पुग्ने उल्लेख गर्नुभयो । "बढ्दो घुम्ने संस्कृतिले पर्यटन व्यवसाय, रोजगारी सृजनासँगै समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ", मन्त्री रिमालले भन्नुभयो । उहाँले उच्च पहाडी तथा हिमाली भेगमा घुम्न आउने पर्यटकको व्यवस्थापन र उनीहरूको स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिनुपर्ने बताउनुभयो । लेक लाग्नेजस्ता स्वास्थ्य जोखिमबाट बच्ने उपायबारे सचेतना फैलाउनपर्ने उहाँको भनाइ छ । मन्त्री रिमालले सम्बद्ध निकायबीचको एकीकृत समन्वय र चुस्त व्यवस्थापनबाट मात्र पर्यटकलाई सुरक्षित वातावरण प्रदान गर्न सकिने बताउनुभयो। उहाँले हिमाली भेगका नागरिक र पर्यटन व्यवसायीले भोग्दै आएका समस्या समाधानका लागि प्रदेश सरकारका तर्फबाट सक्दो पहल गरिने बताउनुभयो।


## बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- वालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीवाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद् बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खवर गरौं।

प्रविधिको सही प्रयोगमार्फत वालबालिकाको सुरक्षित भविष्य निर्माण गरौ

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा भलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


# युवा नेपाल समितिको आयोजनामा स्वेच्छिक रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

'तपाईंको एक थोपा रगत, कसैको अमूल्य जीवन' भन्ने मानवीय भावनाका साथ युवा नेपाल समिति कास्कीको आयोजनामा पोखरा १७, ड्यामसाइडस्थित राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था (नेष्डो नेपाल) को प्राङ्गणमा स्वेच्छिक रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा कुल ३५ युनिट रगत संकलन भएको छ । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. १७ का वडा अध्यक्ष राधिका योगीले युवाहरूले सामाजिक र मानवीय कार्यमा देखाएको यो सक्रियता प्रशंसनीय रहेको बताउनुभयो । उहाँले रक्तदानभन्दा ठूलो अर्को दान केही हुन सक्दैन र युवाहरूले यस्ता जीवनरक्षक अभियान सञ्चालन गर्दा समाजमा सकारात्मक सन्देश जाने बताउनुभयो । कार्यक्रममा विशेष अतिथि नेष्डो नेपालका संस्थापक अध्यक्ष विश्व प्रकाश प्रसाईंले रक्तदानले बिरामीको जीवन बचाउनुका साथै मानव समाजमा सहयोग र भ्रातृत्वको भावना अभिवृद्धि गर्ने धारणा व्यक्त गर्नुभयो । कार्यक्रमका अध्यक्ष सोचना सेन ठकुरीले कार्यक्रम सफल पार्न सहयोग गर्ने सम्पूर्ण रक्तदाता, अतिथि एवं सहयोगी संस्थाहरूलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि संस्थाले यस्ता सामाजिक कार्यहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । युवा नेपाल समिति कास्कीका अध्यक्ष सोचना सेन ठकुरीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा समितिका सल्लाहकार जय प्रकाश थापाले स्वागत मन्तव्यद्वारा उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो। उक्त कार्यक्रमको सञ्चालन सचिव सरिता हमालले गर्नुभएको थियो। सामाजिक उत्तरदायित्व र जीवन रक्षाको भावनालाई आत्मसात गर्दै आयोजना गरिएको यस रक्तदान कार्यक्रममा स्थानीय तथा युवाहरूको उत्साहजनक सहभागिता रहेको थियो।

# पहिरोले बेनी-जोमसोम सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दी सदरमुकाम बेनीबाट मुस्ताङको जोमसोम जोड्ने सडक पहिरोले अवरुद्ध भएको छ।

रघुगङ्गा गाउँपालिका-२ बैसेरीमा सोमबार दिउँसो सडकमाथि पहिरो खस्दा सवारी आवागमन बन्द भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजन कार्कीले जानकारी दिनुभयो।

"पहिरो पन्छाउने क्रममा थप पहिरो खस्दा एक्साभेटर पनि पुरिएको छ। अहिले सडक पूर्ण रूपमा अवरूद्ध छ", उहाँले भन्नुभयो, "पहिरो हटाउन सुरु गरिएको छ, ठूलो पहिरो गएकाले यातायात नियमित सञ्चालन गर्न केही समय लाग्ने देखिन्छ ।" उक्त सडकखण्डमा आइतबारदेखि रातिको समयमा सवारी आवागमन बन्द गरिएको थियो।

जिल्ला सुरक्षा समितिको निर्णयअनुसार आइतबार र सोमबार साँझ ७:०० बजेदेखि भोलिपल्ट बिहान ५:०० बजेसम्मका लागि यातायात सञ्चालनमा रोक लगाइएको हो । बेनी-जोमसोम सडक भएर सयौं यात्रु तथा पर्यटकले मुक्तिनाथ हुँदै कोरलानाकासम्मको यात्रा गर्छन्।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# पर्वतारोहण क्षेत्रमा पुगेको अपुरणीय क्षति

पाकिस्तानस्थित ८ हजार ५१ मिटर अग्लो ब्रोड पिक हिमालको भयानक हिमपहिरोमा परी निर्मल पुर्जासहित ६ नेपाली आरोहीको प्राण गएको छ। पर्वतारोहण क्षेत्रमा एउटा सन्नाटा महसुस भएको छ। कीर्तिमानी पर्वतारोही ४३ वर्षीय पुर्जासहित पुरबहादुर गुरुङ (युक्ता), निमा शेर्पा, किली पेम्बा शेर्पा, नवाङ थिन्डु शेर्पा र ग्यालु शेर्पासहित अरू चार विदेशीले समेत हिमालसामु हार मान्नुपऱ्यो । निर्मलको अभूतपूर्व अभियानमा पूर्णविराम लागेको छ। निर्मल सहित पर्वतारोहीको अप्रत्याशित अवसानप्रति विश्वले दुख प्रकट गरेको छ। नेपालको सगरमाथा जस्तै निर्मलले नेपालको शिरो विश्वमाझ धेरै उचो बनाएका थिए।यो नेपालका लागि अपुरणीय क्षति हो ।

पिछडिएको म्याग्दीको दुर्गम दाना गाउँमा जन्मिएका निर्मलले ब्रिटिस गोर्खा सेनामा रहँदा पनि दुर्लभ कौशल प्रदर्शन गरेका थिए। उच्च हिमाली युद्धकौशलको उनको दक्षताको स्वयं बेलायत प्रशंसक थियो। उनको अवसानको खवर बेलायतका र विश्वका प्रतिष्ठित संचार माध्यमले दिएबाटै साहसीको परिचय दिन्छ । सैनिक जीवनबाट अवकाश पाएर हिमाल आरोहणमा लागेपछि उनले ६ महिना ६ दिनमा विश्वका सबै १४ अग्ला हिमाल आरोहण गरेर कीर्तिमान बनाएका थिए । अप्ठेरो केटु हिमाल माइनस ६० डिग्रीको बेला चढेर शीतकालीन आरोहणमा सफलता प्राप्त गर्दा साँच्चै आँट र साहसका प्रतिमूर्ति बनेका थिए उनी ।

नेपाली शेर्पालाई आरोही बनाए, हिरो बनाए। शेर्पाहरूको भाउ बढाइदिए । शेर्पाले ७५ वर्षमा गर्न नसकेको काम ५-६ वर्षमा गरेर देखाइदिए । विश्वविख्यात आरोही पुर्जाले आरोहणका अनेक रेकर्ड राखे। तर, उनको पहिचान त्यसभन्दा पनि उँचो थियो। उनले नेपालको साहसिक पर्यटनमा नयाँ मानक स्थापित गरेका थिए जसले विश्वका अनेकौं खर्चालु र हाइप्रोफाइल क्लाइन्टलाई सगरमाथा लगायत हिमाल आरोहण गराउन सके ।

नेपालीहरू हिमाल आरोहणका सहयोगीमा सीमित हुने होइन अगुवाइमा हो भन्ने उनले सिद्ध गरेका थिए । र उच्च वर्गसम्म त्यो सन्देश पुऱ्याउन उनको अभियान सफल थियो । आरोहणको कीर्तिमानमात्रै निर्मलको लक्ष्य रहेन । हिमालमा अलपत्रहरूको साहसिक उद्धार गरेर उनले नेपालीको साहस र परोपकारी छन भन्ने पहिचान बनाएका थिए । अनि आफ्नै नामको संस्था खोलेर हिमाल र मानवजीवनको अभियान चलाएका थिए । उनले खिचेको हिमालमा लागेको आरोहीहरूको जामको तस्बिरले नियमनका लागि सरकारलाई घच्घच्याएको थियो । उनी हिमालको दुरवस्थाका बारे पनि उत्तिकै चिन्तित थिए भन्ने देखिन्छ। त्यसो त उनको निधनको कारण हिमपहिरो बन्यो, त्यो नै हिमाल र पर्यावरणमा आएको ठूलो परिवर्तनको यथार्थ हो ।

साहसी आरोहीले ज्यान गुमाउनु केवल एक कीर्तिमानधारीको अन्त्य होइन, हाम्रा हिमालहरू पग्लिरहेका छन् र यिनको अन्त्य प्राकृतिक नियमानुसारभन्दा छिटो हुँदैछ भन्ने सन्देश पनि हो । यो विश्व तापमान वृद्धि र जलवायु परिवर्तनले बजाएको खतरा अर्को घण्टी हो । सँगसँगै नेपालले जन्मसिद्ध प्रतिभामा मात्रै रमाएर पुग्दैन, आफ्ना आरोहीहरूको सुरक्षा र प्राविधिक ज्ञानमा पनि थप लगानी गर्नुपर्छ भन्ने सन्देश निर्मलसहितका अनुभवी आरोहीको अप्रत्याशित अवसानले दिएको छ। हामीले हाम्रा हिमाललाई आम्दानीको स्रोतसीमित गर्ने होइन, हिमाली प्रतिभाको ज्ञान, कौशल र क्षमता अभिवृद्धिमा पनि लगानी गर्नुपर्छ भनेर झक्झकाएको छ । राज्यको कर्तव्य निर्मलहरूको नाममा शोक जनाएर सीमित हुनुहुँदैन, आफ्ना आरोही र पर्वतारोहणका क्षेत्रमा पनि लगानी गर्नमा पनि केन्द्रित हुनुपर्छ।तबमात्र किर्तिमानी पर्वतारोहीप्रति सच्चा श्रद्धाञ्जली दिएको ठहर्नेछ ।

# जनापेक्षा बमोजिम काम गर्न सरकारलाई आग्रह

**रासस**
काठमाडौं, १८ साउन

राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदहरूले जनताको विश्वास र अपेक्षा बमोजिम काम गर्न सरकारलाई आग्रह गर्नुभएको छ।

सभाको विशेष समयमा सदस्यहरूले सरकारबाट जनताले आफ्ना हरेक समस्याको समाधान खोज्ने भएकाले जनापेक्षा बमोजिम काम गर्नुपर्ने बताउनुभयो।

बैठकमा नेपाली कांग्रेसका सांसद किरणबाबु श्रेष्ठले नेपाली जनताले विश्वासका साथ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई सरकारको नेतृत्वमा पुऱ्याएकाले जनताको चाहना र भावना बमोजिम काम गर्न आग्रह गर्नुभयो । उहाँले मुलुकको स्वतन्त्रता र लोकतन्त्रका लागि त्याग र समर्पण गरेका नेताहरूको आदर्शबाट सकारात्मक पाठ सिकेर जनहितमा केन्द्रित हुँदै समस्या समाधानतर्फ लाग्नुपर्ने धारणा राख्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद रूक्मिणि कोइरालाले नेपाल बहुजाति, बहुभाषिक, बहुसांस्कृति, बहुधार्मिक साझा फूलबारी भएकाले एकापसमा समन्वय र भाइचारका साथ सबै जातीय र साम्प्रदाय सहकार्य गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले सरकारले जनजीवनका सवालमा वास्तविक समस्या पहिचान गरी सोही आधारमा समाधानका लागि राहतमूलक काम गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद श्रीकृष्णप्रसाद अधिकारीले सुनसरीसहितका जिल्लामा भएका घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारसँग माग गर्नुभयो । नेपाली कांग्रेसका सांसद धर्मेन्द्र पासवानले संवाद, मेलमिलाप र समन्वयनका माध्यमबाट मुलुकमा शान्ति र समृद्धि हासिल गर्न सबैको ध्यान जानुपर्नेमा जोड दिनुभयो।

नेकपाका सांसद भुवनबहादुर सुनुवारले मिटरब्याज पीडितहरू अझै माइतीघर मण्डलामा रहेकाले उहाँहरूको माग सम्बोधनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । एमालेका सांसद रेखाकुमारी झाले नेपाल-भारत खुला सीमाको दुरूपयोग

# मनसुनी विपद्का कारण नौ सडकखण्ड अवरुद्ध

**रासस**
काठमाडौं, १८ साउन

अविरल वर्षाका कारण देशका विभिन्न स्थानका नौ वटा प्रमुख सडकखण्ड अवरुद्ध भएका छन् । नेपाल प्रहरीको प्रधान कार्यालयका अनुसार आज साँझ ५ बजेसम्म काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर, इलाम, सिन्धुपाल्चोक, दोलखा, रसुवा, ललितपुर, ताप्लेजुङ, लमजुङ लगायतका जिल्लाका सडकखण्ड प्रभावित भएका हुन् ।नेपाल प्रहरीका अनुसार काभ्रेपलाञ्चोक-सिन्धुली खण्डको बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमका कारण साँझ ६ बजेदेखि बिहान ४ बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ।

बिहान ४ बजेदेखि साँझ ६ बजेसम्म भने सवारी सञ्चालन हुने जनाइएको छ। मकवानपुरको कान्तिलोकपथमा पनि वर्षाका कारण रातिको समयमा साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । प्रहरीका अनुसार इलामको मेची राजमार्ग, सिन्धुपाल्चोकको अरनिको राजमार्ग, दोलखाको लामाबगर-रामेछाप सडकखण्ड, रसुवाको पासाङ ल्हामु राजमार्ग, ललितपुरको कान्तिलोकपथ, ताप्लेजुङको मेची राजमार्ग तथा लमजुङको बैंसीसहर-मनाङ सडकखण्ड पहिरो, सडक कटान तथा हिलोका कारण पूर्ण रूपमा अवरुद्ध भएका छन् । दोलखाको लामासाँघु-रामेछाप सडकखण्डमा भने खिम्ती ग्रामीण विद्युत् सहकारी संस्थाको कार्यालय परिसर हुँदै वैकल्पिक मार्ग सञ्चालनमा ल्याइएको प्रहरीले जनाएको छ।

# तालबाराही माविलाई लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन



लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीले पोखरास्थित ताल बाराही माध्यमिक विद्यालयलाई बुक र्‍याक तथा स्टेशनरी सामग्री सहयोग गरेको छ। सोमबार आयोजित कार्यक्रममा लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ जे नेपालका डिष्ट्रिक्ट गभर्नर प्रजापति बाँस्तोलाको प्रमुख आतिथ्यतामा विद्यालयलाई उक्त सामग्री हस्तान्तरण गरिएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै डिष्ट्रिक्ट गभर्नर बाँस्तोलाले शिक्षा क्षेत्रमा सहयोगलाई निरन्तरता दिइने बताउँदै आवश्यकता परे आगामी दिनमा विद्यार्थीलाई थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले विद्यार्थीलाई लगनशील भएर अध्ययन गरी सफल भविष्य निर्माण गर्न प्रेरित गर्दै लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीले सञ्चालन गरेको सामाजिक सेवामूलक कार्यको प्रशंसा गरे । विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष गोविन्दराज पहारीले विद्यालयमा सञ्चालन भइरहेको इसिडी कार्यक्रम प्रभावकारी रहेको जानकारी दिए। फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित उक्त कार्यक्रम एक वर्षका लागि सञ्चालन भइरहेको उल्लेख गर्दै उनले सिर्जना चौतारीले उपलब्ध गराएको बुक र्‍याक र स्टेशनरी विद्यालयका लागि अत्यन्त उपयोगी भएको बताए।

विद्यालयका प्रधानाध्यापक ताराप्रसाद पोखरेलले विद्यालयकी पूर्वविद्यार्थी तथा क्लब अध्यक्ष शान्ति सिग्देलको नेतृत्वमा विद्यालयलाई सहयोग प्राप्त हुनु गौरवको विषय भएको बताए। उनले विद्यालयलाई सहयोगका लागि छनोट गरेकोमा क्लबप्रति आभार व्यक्त गरे।

क्लबकी अध्यक्ष शान्ति सिग्देलले विद्यालयमा अध्ययन गरेका दिनहरूको स्मरण गर्दै आफूले अध्ययन गरेको विद्यालयलाई सहयोग गर्न पाउँदा खुशी लागेको बताइन्। कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्णप्रति उनले धन्यवाद व्यक्त गरिन्।

क ा य ्र क ्र म संयोजक जनकबहादुर कार्कीले विद्यालयलाई सहयोगका लागि छनोट गर्नुको उद्देश्यबारे प्रकाश पार्दै शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउने क्लबको अभियानलाई निरन्तरता दिइने बताए । कार्यक्रममा रिजन चेयरपर्सन दामोदर बरालले आगामी दिनमा पनि विद्यालयलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। कार्यक्रमको सञ्चालन क्लबका सचिव कृष्णप्रसाद आचार्यले गरेका थिए।

कार्यक्रममा लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ जे नेपालका सचिव जीवन गोर्खाली, सिर्जना चौतारीका संस्थापक अध्यक्ष तथा डिष्ट्रिक्ट सल्लाहकार बालकृष्ण बराललगायत लायन्सकर्मी, विद्यालयका शिक्षक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भुपुसैं नं ५२४५१९२ N NK टेक बहादुर गुरुङको श्रीमती चिनमाया गुरुङको नेपाली नागरिकता नं ४२४० जारि मिति २०४४।१२।०८ कास्कीमा निजको जन्ममिति वि.सं २०१८।०५।०९ ई.सं २५।०८।१९६१ उल्लेख भएको र निजको आफनो भारतीय सैनिक अभिलेखमा श्रीमतीको जन्ममिति ई सं २१/०८/१९६६ उल्लेख भएको हुदाँ माथि उल्लेखित दुवै जन्ममिति भएको व्यक्ति एउटै व्यक्ति चिनमाया गुरुङ भएको सिफारिस पाउँ भनि यस कार्यालयमा पेश गरेको निवेदन तथा सो साथ सलग्न कागजातका आधारमा निजले पेश गरेको व्यहोरा मनासिव भएकोले माथि उल्लेखित दुवै जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु.सै.नं. ५३४४६२७N HAV यो प्रसाद गुरुङको श्रीमती, दुर्गा प्रसाद गुरुङको छोरी सरस्वती गुरुङको मिति वि.सं.२०२४।०६।३० तदानुसार ई.सं १९६७-१०-१६ मा लमजुङ जिल्ला पसगाउँ गा.पा. ९ हाल क्वहोलासोथार गाउँपालिका वडा नं. ०९ मा जन्म भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १३ नं. वडा कार्यालयको च.नं. १३८ मिति २०८३।०४।१३ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



थुम्की गा.वि.स.वडा न. ५ बस्ने भारतीय भू.पू.सै.न. ५७४५५५४ नायक कृष्ण बहादुर रानाको नेपाली नागरिकता प्रमाण पत्रमा नाम थर कृष्ण बहादुर खवास भएको पेन्सन डकुमेण्टमा निजको नाम थर कृष्ण बहादुर राना भएको हुदाँ उल्लेखित दुवै नाम, थर भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि गाँउ विकास समितिको कार्यालय थुम्की कास्कीको च.न. ४४३ मिति २०६५/२/२८ को पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला रुपा गाउँपालिका वडा नं. १ (साविक थुम्की-१) निवासी भारतीय भु.पु.सै.नं. 5745554 नायक कृष्ण वहादुर रानाको श्रीमतीको नागरिकतामा नामथर फुल माया खवास राना र भारतीय पेन्सन अभिलेखमा फुलमाया उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला रुपा गाउँपालिका १ नं वडा कार्यालयको च.नं. ४६८ मिति २०७५।१।२६ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत कक्षा ११/१२ को अनुदान कोटामा रिक्त प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८३/०४/१८ को चलानी नं. ३३ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८३/०८४ | प्रशिक्षक | कक्षा (११/१२) | कृषि (बाली विज्ञान) | मा.वि. द्वितीय | १ | अस्थायी करार |

१. शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि (बाली विज्ञान) विषयमा कम्तिमा एम.एस्सी. एजी तह उत्तीर्ण गरेको हुनुपर्ने।
२. छनौटका आधारहरु: लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता।
३. उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु: देवनागरी लिपिमा हस्तलिखित निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति।
४. दरखास्त दस्तुर: रु २०००।– तिरेको सक्कल रसिद।
५. दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मिति: २०८३ भाद्र ०१ गते कार्यालय समयभित्र।
६. तलब स्केल: नेपाल सरकारको नियमानुसार।
७. परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ।

विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-४४४१५५**

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | स्वास्थ्यमा सुधार | तुला | सत्कार मिल्नेछ |
| वृष | आर्थिक समस्या | वृश्चिक | मानसिक तनाब |
| मिथुन | शत्रुको भय | धनु | सहयोग मिल्नेछ |
| कर्कट | कार्यमा सफलता | मकर | ब्यापारमा लाभ |
| सिंह | अप्रत्यसित लाभ | कुम्भ | झमेला बड्ने |
| कन्या | शारीरिक झमेला | मीन | शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# रत्नचोकस्थित श्रीकृष्ण प्रणामी मन्दिरमा एक महिने श्रीमद्बीतक प्रवचन सुरु

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन

पोखरा-८, रत्नचोकस्थित श्रीकृष्ण प्रणामी मन्दिरमा आध्यात्मिक चेतना विस्तार गर्ने उद्देश्यले एक महिने श्रीमद्बीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन अनुष्ठान प्रारम्भ भएको छ। आगामी भदौ १९ गतेसम्म सञ्चालन हुने उक्त धार्मिक कार्यक्रमको पोखरा महानगरपालिका वडा नं. ८ का वडाध्यक्ष रुद्रनाथ बरालले एक विशेष समारोहका बीच उद्घाटन गरे । उद्घाटन समारोहलाई सम्बोधन गर्दै वडाध्यक्ष बरालले यस मन्दिरले वार्षिक रूपमा आयोजना गर्दै आएको श्रीमद्बीतक चर्चाले समाजमा आध्यात्मिक जागरण ल्याउनुका साथै आत्मिक शान्तिका लागि महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

रत्नचोकस्थित श्रीकृष्ण प्रणामी मन्दिरको पुनर्निर्माण र संरक्षणमा पोखरा महानगरपालिका वडा नं. ७ र ८ ले विगतदेखि नै निरन्तर सहयोग पुऱ्याउँदै आएको स्मरण गराउँदै उनले आगामी दिनमा पनि सहयोग जारी रहने प्रतिबद्धता व्यक्त गरे । साथै, एक महिनासम्म चल्ने यस आध्यात्मिक अनुष्ठानमा सहभागी भई लाभ उठाउन उनले सम्पूर्ण वडाबासीलाई आह्वानसमेत गरे।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. ७ का वडाध्यक्ष राममोहन आचार्यले महानगरभित्र अनेकौं कृष्ण मन्दिरहरूरहेतापनिरत्नचोकस्थित श्रीकृष्ण प्रणामी मन्दिरले निरन्तर रूपमा एक महिने लामो श्रीमद्बीतक चर्चा तथा कथा प्रवचनको आयोजना गर्नु आफैंमा चुनौतीपूर्ण र प्रशंसनीय कार्य भएको बताए। उनले यस पुण्य कार्यमा सहभागी भएर मन्दिर सञ्चालक समितिको उत्साह बढाउन श्रद्धालुहरूलाई आग्रह गर्दै वडाको तर्फबाट आवश्यक सहयोग सदैव रहने विश्वास दिलाए। आध्यात्मिक कार्यक्रममा प्रमुख वाचक साधक राज रसिक महाराजले श्रीमद्बीतक चर्चा एवं श्रीकृष्ण कथाबाट आफ्नो मनलाई शान्ति बनाउन र परिवर्तन गराउन भुमिका खेल्ने भएकाले यसमा सहभागी भइ लाभ लिन आग्रह गरे।

श्रीकृष्ण प्रणामी सेवा समितिका केन्द्रीय सदस्य पुरुषोत्तम रेग्मीले विगतका वर्षहरूको परम्परालाई निरन्तरता दिँदै यस वर्ष पनि महिनाव्यापी अनुष्ठान आयोजना गरिएको उल्लेख गर्दै अघिल्ला वर्षहरूमा जस्तै यस पटक पनि सम्पूर्ण भक्तजनहरूबाट उदार सहयोग र साथको अपेक्षा गरिएको बताए । श्रीकृष्ण प्रणामी मन्दिरका अध्यक्ष मोहन प्रसाद ढकालको अध्यक्षतामा सम्पन्न उक्त उद्घाटन समारोहमा श्रीकृष्ण प्रणामी सेवा समिति कास्कीका जिल्ला अध्यक्ष कृष्ण ढुंगाना, बाइजूराज जिल्ला अध्यक्ष रुकमिना बराल, कार्यक्रम संयोजक प. लीलामम्बर सापकोटा तथा प्रशासनिक उपाध्यक्ष गोपाल ठकुरी लगायतका वक्ताहरूले अनुष्ठानको सफलताको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन मन्दिर समितिका सचिव लक्ष्मण बरालले गरेका थिए । एक महिनासम्म निरन्तर सञ्चालन हुने यस आध्यात्मिक कार्यक्रममा प्रमुख वाचकका रूपमा साधक राज रसिक महाराजले रसमयी कथा प्रवचन तथा बीतक चर्चा प्रस्तुत गर्ने मन्दिर व्यवस्थापन समितिले जनाएको छ।

# जागरण अभियान सञ्चालन गर्दै एमाले

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले पार्टी विस्तारको दायरा फराकिलो बनाउन हरेक वर्ग, समुदाय र पेसागत क्षेत्रलाई समेटेर जागरण अभियान सञ्चालन गरिएको बताउनुभएको छ।

पार्टीका प्रदेश कमिटीका पदाधिकारी र 'मिसन पार्टी जागरण अभियान' का केन्द्रीय प्रतिनिधिसँग सोमबार भर्चुअल बैठक गर्दै महासचिव पोखरेलले पार्टीको जनतासँग टुटेको सम्बन्धलाई जोड्ने उद्देश्यका साथ अभियान ल्याइएकाले प्रभावकारी बनाउन निर्देशन दिनुभएको हो । पार्टीले अभियानका लागि सबै पालिका तहसम्म केन्द्रीय प्रतिनिधि खटाएको छ । महासचिव पोखरेलले पार्टीमा सङ्गठनात्मक पुनःगठनको कार्यलाई तल्लो तहसम्म विस्तार गरिने बताउनुभयो।

पार्टीका सचिव भानुभक्त ढकालले सदस्यता नवीकरणको समय सीमा अभियानका क्रममा सदस्यता नवीकरणलाई पनि तीव्रता दिइने जानकारी दिनुभयो।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३० निवासी भारतीय भु.पु.सै.नं. JC 607406 N, 5/3 G.R. का सुवेदार बल बहादुर गुरुङको श्रीमती बि माया गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर Bi Maya Gurung उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर Bee Maya Gurung उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३० नं. वडा कार्यालयको च.नं. १८१ मिति २०८३।०४।१५ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १० निवासी पुर्न बहादुर पुनको छोरा भारतीय भु.पु.सै. नं. JC 617054P का सुब्दार चित्र बहादुर पुनको माग निवेदन अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर देवी कुमारी पुन र जन्ममिति वि.सं. २०१८।१२।१२ (ई.सं. २५-०३-१९६२) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर देवी सारा पुन र जन्ममिति वि.सं.२०१६।११।२९ (ई.सं.१२-०३-१९६०) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १० नं. वडा कार्यालयको च.नं. १०२ मिति २०८३।०४।१५ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०४/१९ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकम निर्यामित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिनभित्र यस संस्थामा बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना तथा अन्य दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम ३५ दिने सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणीको नाम, थर, ठेगाना | धन जवानीको नाम, थर, ठेगाना | धनजमानीको फोटो |
|---|---|---|---|---|
| १. |  | **नामः कुल बहादुर खड्का**<br>बाबुः तरक बहादुर खड्का<br>बाजेः शम्शेर बहादुर खड्का<br>स्थायी ठेगानाः कास्कीकोट-६<br>ना.प्र.नं.: ५२४९४<br>जारी मितिः २०५३/१२/२१ | **नामः सविता खड्का**<br>पतिः कुल बहादुर खड्का<br>बाबुः सोमनाथ खनाल<br>स्थायी ठेगानाः कास्कीकोट-६<br>ना.प्र.नं.: २८३७३<br>जारी मितिः २०५९/०६/१३ |  |
| **धितोको विवरण**: पोखरा-१७ कित्ता नं. ३०, १५, ३१ क्षेत्रफल ११४/६५३.६०/२११.७० वर्ग मिटर | | | | |

**भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१३, वि.पी. मार्ग, कु□डहर, फोन नं. ०६१-५७६३८०

## अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०४/१९ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवम् अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८१/०६/१५ गते ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८१/०७/२१ गते ऋण चुक्ता गर्न आउने बारे १५ (पन्ध्र) दिने सूचना समाधान राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८१/०८/०६ गते ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा ऋण चुक्ता नगरी बस्नु भएको हुँदा मिति २०८२/०३/२४ गते अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे ३५ दिने पहिलो पटक सूचना आर्दश समाज राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको उक्त सूचना पुनः दोस्रो पटक प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हालसम्मको साँवा व्याज, समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले ३६औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको तपशिलको धितो लिलामा बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मुल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम विक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयम् र व्यक्तिगत धनजमानतकर्ताहरुको एवम् निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवं लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरिलिन सकिनेछ।

**तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | सदस्यता नं. : ८०१<br>१. **नाम : लाल बहादुर गुरुङ**<br>जन्म मिति : २०११/०३/०३<br>ना.प्र.नं. : ३४०<br>जारी मितिः : २०३७/०३/०३<br>बाबु /पत्नी : धनराज गुरुङ<br>बाजे/ससुरा : पर्त सि गुरुङ<br>ठेगाना : खिलुङ देउराली-६, स्याङ्जा<br>हाल : पोखरा १०, कास्की<br>सम्पर्क नं : ९८५६०२६६४७ | <br> | १. **नाम : देउकुमारी गुरुङ**<br>जन्म मिति : २०१५/०४/१२<br>ना.प्र.नं. : ४९०६<br>जारी मितिः : २०४५/०१/०६<br>बाबु /पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८०४१२७२१६<br>१. **नाम : धन बहादुर गुरुङ**<br>जन्म मिति : २०३७/११/०५<br>ना.प्र.नं. : ५३३७४<br>जारी मिति : २०५६र०५र०३<br>बाबु/पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८१६६५२९११ |
| **धितो विवरण**: धितो विवरणः लाल बहादुर गुरुङको नाममा मालपोत कार्यलय कास्की र तनँहुमा दर्ता श्रेस्ता कायम रहेको रुपाकोट-१ कास्की कि न.२९२३, २९२१ क्षेत्रफल ०-३-२-०, ०-२-२-२ रोपनी, फराकचौर-५ ख तनहुँ कि.न.७१९, क्षेत्रफल १-१२-०-२ रोपनी केशबटार ६ क तनहुँ कि.न.३०८, क्षेत्रफल ५-८-०-० रोपनी | | | |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबैभन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबैभन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ।
८. सूचना प्रकाशित भएको मितिले ३६ औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक ३ बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रितपूर्वक भरि संस्थामा बुझाउनु पर्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर रजिष्ट्रेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वमूले ब्यर्होर्नु पर्नेछ।
१२. सहकारी ऐन, संस्थाको विनियम तथा ऋण लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफुले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चलअचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.
फोनः ०६१-५७३३७५, ५७२२३६